म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१३ | मंगलबार ७ असार २०७९ | ने. सं. ११४२ तछलागा | 21 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एन्फा अध्यक्षमा नेम्बाङ बिजयी

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा) को अध्यक्षमा पंकजबिक्रम नेम्बाङ बिजयी भएका छन् । सोमबार भएको एन्फाको चुनावी साधारणसभाबाट नेम्बाङ अध्यक्षमा बिजयी भएका हुन् । नेम्बाङले कर्माछिरिङ शेर्पालाई हराए ।

८४ भोट खसेकोमा नेम्बाङले ४५ भोट पाए भने शेर्पाले ३९ मत ल्याए । काठमाडौंको बुढानिलकण्ठस्थित पार्क भिलेज रिसोर्टमा भएको निर्वाचनमा अध्यक्षमा राजीव पौडेल पनि प्रतिस्पर्धामा भएपनि एक भोट पनि ल्याएनन् । नेम्बाङ यसअघि वरिष्ठ उपाध्यक्ष थिए भने शेर्पा अध्यक्ष थिए । स्थानीय चुनावमा मेयरको दौड छाडेर नेम्बाङ एन्फामा भिडेका हुन् । कांग्रेस नेता एवम् पूर्वमन्त्री नरेन्द्रबिक्रम नेम्बाङका छोरा उनी कांग्रेस महाधिवेशन प्रतिनिधि पनि हुन् ।

निर्वाचनमा १४ वटा ए डिभिजन क्लब, ११ वटा बी डिभिजन क्लब र ९ वटा सी डिभिजन क्लबले मत खसालेका थिए । यसैगरी, राष्ट्रिय लिगमा छनोट भएका मोफसलका ४ वटा क्लबले मत दिए । एन्फाअन्तर्गत्को महिला संघ, खेलाडी संघ, प्रशिक्षक संघ र रेफ्री संघले पनि मत दिएका थिए ।

# अस्पतालका डाक्टर बिरामी जाँच्न छोडेर हिँडेपछि...



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ जिल्लाको एकमात्र सरकारी हेटौंडा अस्पतालमा उपचारका लागि आउने बिरामीले सहजै उपचार भन्दापनि बढी हैरानी खेप्नु परेको गुनासो आएको छ ।

अस्पतालको व्यवस्थापकीय कमजोरीका कारण बिरामीहरुले उपचारमा कठिनाई भोग्दै आएको भन्दै सोमबार सर्वसाधारणहरुले अस्पतालमा धर्ना कसेका छन् । उपचारका लागि आएका बिरामीले धेरै दु:ख पाउने गरेको दीपेन्द्रचन्द ठकुरीले गुनासो गरे ।

गर्मीमा बिरामीहरु तातो जस्तामुनि घण्टौं लाइन बसेर ओपिडीको टिकट काट्नेदेखि औषधि लिनुपर्ने बाध्यतामा छन् । बिहान ६ बजेदेखि अस्पतालमा भिड लाग्ने गरेको छ । बिरामीको अत्यधिक भिडका कारण अस्पताल प्रशासनले व्यवस्थापन मिलाउन नसकेपछि बिरामीहरु प्रशासनविरुद्ध खनिएका छन् ।

अस्पतालका चिकित्सकहरु बिरामी जाँच गर्ने पूरा समय नबस्ने गरेका कारण कतिपय बिरामीहरुले समयमै उपचार पाउन नसकेको गुनासो आएको छ । चिकित्सकहरुको लापरबाही बढेपछि सोमबार सर्वसाधराणहरु अस्पताल गेटमा बसेका थिए । धर्ना बसिरहेका बेला अस्पतालमा करारमा कार्यरत् अर्थोपेडिक डाक्टर रविराज देवकोटा स्कुटर लिएर बाहिर निस्किए । उनलाई गेटमा धर्ना कसेर बसेका सर्वसाधारणले रोकेर बिरामी जाँच गर्ने समय बाँकी हुँदै कता हिँडेको ? भन्दै प्रश्न गर्दा डा.देवकोटा नाजवाफ बने । उनले जाँच गर्ने बिरामी नरहेकोले बाहिर हिँडेको बताएका थिए । 'पेसेन्ट सक्किएपछि अस्पतालमा राउण्ड सकेर म हिँडेको हो', उनले भने ।

डा. देवकोटाको त्यति उत्तरले पार लागेन । बिरामी जतिबेला पनि आउन सक्नेभन्दै ड्युटी सकिनु अगावै हिँड्न नहुने माग सर्वसाधारणको थियो । जवाफमा उनले त्यो कुरा ठीक रहेको बताएका थिए । सर्वसाधारणले अस्पतालमा बिरामी जाँच्न छोडेर मेडिकलमा हिँडेको आरोप लगाएपछि उनले कुनै मेडिकलमा नहिँडेको प्रष्ट पारेका थिए । डा. देवकोटाले अबदेखि आफू पूरा समय बसेर मात्रै निस्किने प्रतिबद्धता जाहेर गरेका छन् । डा. देवकोटाको गतिविधिमाथि उनीहरुले शंका गरेका छन् । डा. देवकोटा चिकित्साको पोशाक नलगाई र परिचयपत्र नबोकी हिँडेका थिए ।

धर्नामा सहभागी दीपेन्द्रचन्द ठकुरीले देवकोटालाई पहिलो र अन्तिम सुझाव भएको भन्दै कारबाही गर्ने चेतावनी दिए । अस्पतालका डाक्टर माथि उनीहरुले निगरानी बढाउने बताएका छन् । धर्नामा सहभागी किशोर अर्यालले अब हरेक दिन ११ बजेदेखि १ बजेसम्म अस्पतालमा धर्ना कस्ने सार्वजनिक आह्वान गर्दै सबैलाई उपस्थित हुन आग्रह गरे ।

सर्वसाधारणहरु त्यतिकै रोकिएनन् । उनीहरुले अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा.रामचन्द्र सापकोटालाई पनि कडा चेतावनी दिए । अस्पताल प्रशासनले लापरबाही गर्ने चिकित्सकहरुलाई कुनै कारबाही नगरे अब जनताले नै कारबाही गर्ने चेतावनी उनीहरुको थियो । मेसु सापकोटाले लापरबाही गर्ने चिकित्सकलाई कारबाही हुने बताएका छन् । आन्दोलनरत् सर्वसाधारणहरुले अस्पतालमा मनलाग्दी भैरहेकोले बिरामीले कुनै दु:ख र समस्या भोग्नु परे राम्रो नहुने चेतावनी दिएका छन् । अस्पतालमा टोकन काट्नदेखि चिकित्सकलाई देखाउन र औषधि लिदासम्म ३ दिनदेखि ४ दिनसम्म लाग्ने गरेको उनीहरुले मेसु सापकोटालाई अवगत गराउँदै तत्काल सुधारको लागि आग्रह गरे । वर्ष दिनअघि हेटौंडा अस्पतालमा उपचारका लागि आएका बिरामीको अनुपातमा यसवर्ष बिरामीको संख्या दोब्बर भएकाले भिड बढेको अस्पतालले जनाएको छ ।

मौसमी बिरामीका कारण पनि अस्पतालमा बिरामीहरुको भिड थामिनसक्नुको छ । ओपीडी टिकट पाउन पहिला टोकन लिनुपर्ने व्यवस्था छ । टोकन बुझाएपछि मात्रै ओपीडी टिकट पाइन्छ । टोकन लिन निश्चित समय तोकिएपनि सर्वसाधारणहरु त्यसको करिब दुई घण्टा अघिदेखि नै टोकनको लाइनमा बस्ने गरेका छन् ।

टोकन लिएर घण्टौ समय कुरेपछि बल्ल ओपिडी टिकट पाइन्छ । टिकट काटेर १० बजेपछि उपचारका लागि बल्ल ओपीडीमा चिकित्सक भेट्न पाइन्छ । चिकित्सक भेट्न पनि बिरामीहरु घण्टौसम्म कुरेर बस्नुपर्ने बाध्यता छ । उपचारपछि औषधि लिनदेखि रगत, पिसाब र दिसा जाँचदेखि एक्सरे गर्नपनि पुन: लाइनमै बस्नुपर्ने समस्याबाट अस्पताल पुगेका बिरामीहरु हैरान भएका छन् ।

सबै उपचार सकेर डाक्टरहरुलाई रिपोर्ट देखाउन पनि नपाइने उनीहरुको गुनासो थियो । बिरामी जाँच्ने समय अगावै डाक्टरहरु निस्किने गरेकाले बिरामीहरुले दु:ख पाएको सर्वसाधारणहरुले गुनासो गरेका छन् । कैलाश गाउँपालिका १० बाट आएका एक बिरामीले बिमा गरेर पनि अस्पतालबाट सबै औषधि नपाएको भन्दै गुनासो पोखे ।

अस्पतालले बिमाका बिरामीलाई सस्तो औषधिमात्रै उपलब्ध गराउने गरेको र महंगो औषधि बाहिर किन्न पठाउने गरेको बिरामीले गुनासो गरेका छन् । भिडियो एक्सरे पनि पर्याप्त बिरामीले गर्न नपाएको भन्दै उनीहरु अस्पतालबिरुद्ध खनिए ।

अस्पतालभित्रको क्यान्टिनले बिरामीहरुलाई खुलेआम ठगी गरिरहेको भन्दै धर्नामा बसेका सर्वसाधारणहरु आक्रोशित बनेका छन् । मिनिरल वाटरकै ३० रुपैयाँ लिएको भन्दै तत्काल कारबाही गर्न मेसु सापकोटालाई उनीहरुले अनुरोध गरे । अस्पतालमा इमर्जेन्सीका बिरामीसमेत लाइनमा बस्नु परेको छ । ओपीडीका बिरामीको बिल काट्ने र इमर्जेन्सीका बिरामीको बिल काट्ने एउटै काउण्टर भएपनि आकस्मिक उपचारका लागि अस्पताल गएका बिरामीहरु निराश हुने गरेका छन् ।

अस्पतालमा तत्काल उपचार गर्नुपर्ने बिरामीले पनि तुरुन्तै सेवा पाउँदैनन् । बिरामीको स्वास्थ्यमाथि गम्भीर लापरबाही भइरहेकोप्रति सरोकारवाला निकायको पनि ध्यान गएको छैन । अस्पतालमा नयाँ भवनमा सेवा सुरु गरेपछि सबै समस्या समाधान हुने मेसु सापकोटाले बताए । थप सेवा बिस्तारको तयारी पनि भइरहेको उनले बताए ।

## विद्यार्थीलाई सय थान पोशाक



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ हेटौंडा उपमहानगरपालिका-७ स्थित, नवज्योति माध्यामिक विद्यालयका विद्यार्थीहरुलाइ पोशाक उपलब्ध भएको छ ।

ईच्छा मनकामना डेभलपर्स प्रालिले कम्पनीका सञ्चालक रामशरण गौतमले सोमबार विद्यालयमा आयोजित एक कार्याक्रमबीच विद्यालयका विद्यार्थीका लागि पोशाक हस्तान्तरण गरेका हुन् । नर्सरीदेखि कक्षा पाँचसम्म अध्ययनरत् गरिब जेहेन्दार एकसय विद्यार्थीलाई विद्यालय पोशाक सहयोग गरेको गौतमले जानकारी दिए ।

कार्यक्रममा ७ नम्बर वडा अध्यक्ष दामोदर गौतम, वडा सदस्यहरु, विद्यालयका अध्यक्ष कृष्ण बहादुर थापामगरलगायतको उपस्थिति थियो । पोशाक वितरण गर्दै वडा अध्यक्ष गौतमले सामाजिक सेवाको भावनाले विद्यालयका विद्यार्थीलाई सहयोग गरेकोमा डेभलपर्स प्रालिलाई धन्यवाद दिए ।

## पहिरोले छोटो मार्ग अवरुद्ध



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ वर्षाका कारण आएको पहिरोले हेटौंडा-कुलेखानी-काठमाडौं जोड्ने छोटो मार्ग अबरुद्ध हुन पुगेको छ ।

छोटो मार्गअन्तर्गत् भैंसे-भीमफेदी सडक खण्डमा सोमबार पहिरो खसेको थियो । छोटो मार्ग आइतबार पहिरोले अवरुद्ध भएको सडक खुलेको केही घण्टामै सोमबार पुन: अवरुद्ध हुन पुगेको हो । भैंसे-भीमफेदी सडक खण्ड फराकिलो पार्ने कामले निर्माण भइरहेकाले पहिरोको अत्यधिक खतरा छ । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले भैंसे-भीमफेदी सडक खण्ड निर्माण गरिरहेको छ । १० मिटर चौडा सडक निर्माण गर्न पहाड भत्काइएको छ । सोही पहाड भत्काउँदा पहिरोको जोखिम बढेको हो ।

भीमफेदी गाउँपालिकाको भैंसे बजारबाट करिब दुई किलोमिटर भित्र र इन्द्रसरोबर गाउँपालिका-३ रामचन्द्र भञ्ज्याङमा पहिरो खसेको हो । पहिरोले सडक दुईतर्फी अवरुद्ध भएकोजिल्ला प्रहरी कार्यलय मकवानपुरका निमित्त प्रवक्ता प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जनाए ।

पहिरोले सडक बन्द भएपछि हटौंडा-काठमाडौं अवातजावत गर्ने सयौं दुई पांग्रे र चार पांग्रे सवारीसाधन अलपत्र परेका छन् । हजारौं यात्रुको सडकमै बास भएको छ । सोमबार साँझ समाचार तयार पार्दासम्म सडक अवरुद्ध रहेको र पहिरो पन्छाउनका लागि पहल भइरहेको खबर *साझाकुरा*लाई प्राप्त भएको छ ।

प्रहरी निरीक्षक घिमिरेका अनुसार कुलेखानी-सिस्नेरीतर्फ अन्दाजी १० मिटर सडकमा पहिरो खसेको छ । दुवै स्थानको पहिरो हटाउन पहल भइरहेको प्रवक्ता घिमिरेले बताए । वर्षामा छोटो मार्ग पहिरोको उच्च जोखिममा छ । फर्पिङदेखि भैंसेसम्म विभिन्न चरणमा सडक निर्माण भइरहेकाले पहिरो खस्ने क्रम बढेको स्थानीयहरु बताउँछन् । गतवर्ष छोटो मार्गमा पहिरो जाँदा सवारीसाधनमा क्षति पुगेको थियो ।

## बलात्कार आरोपमा एक जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाबाट प्रहरीले बलात्कार आरोपमा एक जनालाई पक्राउ गरेको छ ।

मनहरी गाउँपालिका-६ नयाँबस्ती बस्ने २६ वर्षीय कान्छामान रुम्बालाई युवती बलात्कारको आरोपमा पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ । उनीमाथि २७ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको अभियोग लागेको हो । रुम्बालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको हो ।

ती महिलालाई ब्रम्हदेबी सामुदायिक जंगलको कुलोमा लगी रुम्बाले जबरजस्ती करणी गरेको प्रहरीले जनाएको छ । युवतीमाथि बलात्कार भएकोखबर हुनासाथ ईलाका प्रहरी कार्यालय मनहरी र प्रहरी चौकी सुनाचुरीबाट खटिएको प्रहरीले रुम्बालाई नियन्त्रणमा लिएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# बढ्दैछ योगको महत्व

हरेक वर्ष जुन २१ तारिखको दिन विश्व योग दिवस मनाइन्छ । सन् २०१४ को सेप्टेम्बर २७ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राष्ट्रसंघको महासभामा अन्तर्राष्ट्रियरुपमा योग दिवस मनाउन प्रस्ताव गरेपछि राष्ट्रसंघले सन् २०१५ देखि जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको हो । यसवर्ष विश्व योग दिवस आज मंगलबार परेको छ । योग दिवसको अवसरमा नेपालमा पनि थुप्रै कार्यक्रमहरु भइरहेका छन् । झण्डै ५ हजार वर्ष पुरानो मानिने योगको विकास परापूर्वकालदेखि नै भएको हो । प्राचीन कालमा साधु-सन्त, ऋषि, महर्षिहरुबीच सीमित रहेको योग अहिले विश्वव्यापी बनेको छ । छोटो समयमै योगले पाएको व्यापकता र सफलतालाई अझ बढाउन योग दिवसले थप सहयोग गर्ने आशा गर्न सकिन्छ । अहिले विश्वभर ३० करोडभन्दा बढी मानिसले योग अभ्यास गर्ने गरेको पाइन्छ । संयुक्त राष्ट्र संघको योग दिवस मनाउने प्रस्तावलाई एक सय ९३ देशले समर्थन गरी पारित गरेका कारण योगलाई राज्यस्तरबाट सम्बोधन गर्नैपर्ने बाध्यता ती देशहरुलाई सिर्जना भएकाले भविष्यमा यसले अझ व्यापकता पाउने निश्चित देखिन्छ ।

केही वर्षअघिसम्म धार्मिक संस्था, योग गुरुहरुले चलाएका योगका गतिविधिहरु अहिले टोल-टोल र घर-घरमा पुगेको छ । विशेषगरी टेलिभिजन तथा इन्टरनेटको व्यापकताले घरमै बसेर योगाभ्यास गर्ने सहज अवसरका कारण योगले व्यापकता पाएको मान्न सकिन्छ । अझ संयुक्त राष्ट्रसंघको निर्णयसँगै योगमा राज्यसमेत जोडिएका कारण यसको विकास र विस्तारको गति बृद्धि हुने सम्भावना बढाएको छ । योग एक बहुउपयोगी शारीरिक अभ्यास हो । प्राचीन समयमा हठयोग, तन्त्रयोग, मन्त्रयोग, राजयोग, कर्मयोग, ज्ञानयोगजस्ता विभिन्न योगको चर्चा हुने गर्दथ्यो भने अहिले ध्यान, विपश्यना, प्राणायाम, योगजस्ता विधिहरुको प्रयोग भइरहेका छन् । योगले मानवीय चेतनालाई यसका अनेक आयामसँग जोड्न सक्ने योगका साधकहरु बताउँछन् । योगका माध्यमबाट व्यक्तिलाई शारीरिक र मानसिकरुपमा स्वस्थ रहन मद्दत पुग्छ । विश्व स्वास्थ्य संगठनले पनि स्वास्थ्यलाई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मीकरुपमा स्वस्थ हुनु भनेर परिभाषित गरेका कारण यी सबै प्राप्तिमा योग मुख्य आधार बन्न सक्ने देखिन्छ ।

मानिसको व्यस्तता, तनाव, कुलत, खानपानजस्ता बदलिँदो जीवनशैलीका कारण अधिकांश मानिसहरु विभिन्न रोगबाट ग्रस्त बनिरहेका छन् । यस्तो रोगबाट बच्न मानिसले आफ्नो जीवनशैलीमा सुधार गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । तर, मानिसले आफ्ना बानि-व्यवहार र जीवनशैलीलाई सजिलै त्याग्न नसकिरहेको परिप्रेक्षमा त्यसबाट हुने विभिन्न असर कम गर्न योगको सहयोग लिनु उचित हुने देखिन्छ । मानिसलाई रोग, तनाव तथा कुलतबाट बचाउन शारीरिक र मानसिक स्वस्थता आवश्यक हुने हुँदा योग एउटा प्रभावकारी माध्यम हुनसक्छ । योगले मानिसको शारीरिक स्वस्थता कायम राख्नुका साथै सोचमा परिवर्तन गर्न आत्मबल प्रदान गर्दछ । योगले मानिसलाई सन्तुलित जीवन बाँच्न सिकाउने भएकाले जीवनशैली परिवर्तन गरी विभिन्न रोगबाट मुक्त हुन सहयोग गर्दछ । योगलाई अझ विस्तार र विकास गर्न योग दिवसको महत्व सबैलाई बुझाउनु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ८ गते बुधबार २२ जुन २०२२ । असार कृष्णपक्ष नवमी । तछलागा नवमी ११४२ । सुर्योदय: ५:११, सुर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# इतिहासले रचेका मान्छेहरू



नारायणबाबु थापा

> पैसा, दलबल र धुर्त्याइँ, यी तीन राजनीतिका लागि आधारभूत तत्व हुन लागेका छन् । राजनीतिक दलसँग व्यापारी कति छन्, दलबल कत्रो छ र उसले जनता अलमल्याउन कति सक्छ जस्ता कुराले उसको भविष्य निर्धारण हुने भएको छ । के यही हो लोकतान्त्रिक राजनीति ? छिनोफानो गर्नुपर्ने भएको छ

विज्ञानले भन्छ- पदार्थ, समय र आकाशको परिणाम हो मान्छे । ब्रह्माण्डभन्दा धेरै पछि पृथ्वी र पृथ्वी भन्दा धेरै पछि मान्छेको उत्पत्ति भयो । पृथ्वीका अनेकन् जीवात्मामध्ये सर्वाधिक चेतनशील प्राणी हो मान्छे । मान्छेले नै ब्रह्माण्डको उत्पत्तिको रहस्य र पृथ्वी निर्माणको प्रक्रियाका बारे गहिरो खोज अनुसन्धान गरी जीवन र जगतको कथा समेत रचना गऱ्यो । आफ्नो जीवनलाई सहज तथा सुखद बनाउन अनेक आविष्कार र अन्वेषण गऱ्यो । उत्पत्तिदेखि आजसम्मका विभिन्न कालखण्डमा दुनियाँमा एकप्रकारले तहल्का नै मच्चायो ।

मानव जातिले नै धर्मको प्रतिपादन गऱ्यो र भगवान पनि बनायो ! एकथरी होइन, अनेकथरी । प्राकृतिक सम्पदाको अधिकतम दोहन गरी आफ्ना निम्ति ऐश्वर्यको संग्रह गऱ्यो, विपुल सम्पदा जोड्यो । यसबीचमा धेरै सभ्यताको उत्थान र पतन भए, मोहनजोदाडो, हडप्पा, सिन्धुघाँटी जस्ता । भीषण युद्धहरू भए, राज्यहरू बने, टुटे । यी सबै घटनाक्रम माथि मान्छेले अभिमान गऱ्यो र आफू निकै सफल भएको अभिनयमा मग्न भयो ।

तर जीवन र जगतको वास्तविकता के हो भने मानव जाति रहस्य वा अज्ञात शक्तिको अधीनमा छ, जस्तो कि कोरोनाको महामारीले मान्छे हायलकायल भयो, यसअघि पनि यस्ता प्रकोपहरूमा उसको केही चलेन । निश्चित अन्तरालपछि बल्लतल्ल सुरक्षित महसुस हुँदै आजसम्म टिकेको छ । तथापि मान्छे दुनियाँको एउटा त्यस्तो प्रजाति हो, जसको अतुलनीय पौरख नै अहिलेसम्मको तुलनात्मक श्रेष्ठता हो ।

हामीसँग यस्तो लामो गौरवपूर्ण सुखद र दु:खद दुवै अनुभव छ । आदिम साम्यवादी युगदेखि वर्तमान अत्याधुनिक युगसम्मका शृंखलावद्ध उतारचढावपूर्ण प्रवाहबाट आर्जित ज्ञानको थुप्रो र अपूर्व भण्डार छ । यद्यपि यो अपर्याप्त छ, अध्ययन अनुसन्धान निरन्तर छ । मान्छे थाकेको छैन । प्रकृतिलाई जित्ने महत्वाकांक्षा भए पनि त्यसको छेकछन्द छैन । यो प्रसंग किन ल्याइएको हो भने मान्छेले संसारमा सकेजति र जानेजति गर्दै आएको छ । अहिले हाम्रो हातमा भएका वा हामीले उपभोग गरिरहेका सुविधा र उपलब्धि मान्छेकै देन हुन् । कतिपय असम्भव जस्ता लाग्ने यथार्थ मान्छेकै खोजका परिणाम हुन् ।

यसबाट के प्रमाणित हुन्छ भने मान्छेले मानव सभ्यतालाई प्रगतिको उत्कर्षमा पुऱ्याएर स्वर्णिम इतिहास रचेको छ । मान्छे स्रष्टा हो, उपभोक्ता मात्र होइन । अझ समाज चलाउने जिम्मा पाएका व्यक्तिहरू त अभियन्ता र सर्जक हुन् । रमिते, प्रतिक्रियात्मक वा टिप्पणीकार मात्र होइनन्, कर्मी, विचारक र मार्गदर्शक पनि हुन् । यस्ता व्यक्तिहरू समाजभन्दा अगाडि हुन्छन्, करिष्म्याटिक र अग्ला हुन्छन् । औसत बुद्धि र विवेकले यस्तो स्थान प्राप्त हुँदैन । अतिरिक्त योग्यता र क्षमता विना नेतृत्वको पगरी पाइँदैन । यदि कथंकदाचित प्राप्त भइहालेछ भने त्यसलाई दुर्घटना सम्झिनुपर्छ ।

यतिबेला हामी गम्भीरतापूर्वक सोच्नुपर्ने ठाउँमा उभिएका छौं । इतिहासले रचेका मान्छेले समाजको रथ हाँकिरहेका छन् जसको परिणाम देश कसरी चलेको छ ? समाज कसरी चलेको छ ? अनि कसले चलाएको छ ? समकालीन नेपालमा भइरहेका गतिविधिले मानव सभ्यताको विकासक्रममा के योगदान पुऱ्याइरहेको छ ? आफ्नो हातमा समाजको बागडोर भएका व्यक्तिहरूको भूमिका कस्तो छ ? अब समग्र वस्तुस्थितिको वस्तुनिष्ठ समीक्षा गर्नुपर्ने भएको छ । आजसम्म जे भयो, भयो, अब रमिते हुने सुविधा हामीसँग छैन, समाजले गुहार मागिरहेको छ । किनभने हामी इतिहासले रचेका मान्छे मात्र छैनौं, इतिहास रच्ने मानिस पनि छौं ।

नेपालमा चलेका विभिन्न शासन प्रणालीले गरिब र निम्छरा जनताको हितमा चित्तबुझ्दो काम गर्न सकेनन् । हरेक प्रणालीहरूले टाठाबाठा नेपालीकै सेवा गरे र लामो समयसम्म सम्पूर्ण नेपालीलाई समान रूपमा हेर्ने, व्यवहार गर्ने र आवश्यक सेवा प्रवाह गर्ने (पुऱ्याउने) कार्य गरेनन् । यसले नेपालभित्रै धनी र गरिबबीचको खाडल बढ्दै गयो । सरकारमा बसेका व्यक्तिहरूमा ठोस दृष्टिकोण र अठोट देखिएन ।

शासन वा सत्ता त्यस्तो साधन भयो जसको कुनै उत्पादकत्व देखिएन । मूलत: शासन व्यवस्थाहरूले राज्यको साधन र स्रोतको सदुपयोग नै गरेनन् । उनीहरूलाई थाहा नै भएन वा थाहा नपाएझैं गरे कि राज्यको निर्माण भएको नै नागरिक सुरक्षाका लागि हो र यो नागरिक अग्रसरतामा नै निर्माण भएको हो । यो दैवी चमत्कार होइन र शासकहरू दैवी अवतार पनि होइनन् ।

संसारमा उपयुक्त शासन प्रणालीका लागि मानव जातिले हजारौं वर्ष संघर्षमा बिताउनु पऱ्यो । प्राचीनकालमा अभ्यासमा आएका शासन प्रणालीहरूका कतिपय शासक योग्य र सही थिए भने कतिपय शासकले नागरिकलाई दास बनाए । कालान्तरमा यसका विरुद्ध विद्रोह भयो । यस्ता क्रम, उपक्रमहरू चल्दै गए । अहिले हामी हजारौं वर्षको अनुभवको पहाडमाथि उभिएका छौं । कुन शासन प्रणाली उपयुक्त र कुन खराब भनेर छुट्याउन सक्ने भएका छौं । तथापि प्रणालीले मात्रै पुग्दो रहेनछ । प्रणाली आफैंमा जतिसुकै राम्रो वा गतिलो भए पनि त्यसका अगुवा वा शासनको केन्द्रमा बसेका व्यक्तिहरू सही, उपयुक्त र योग्य भएनन् भने जनता र देशले दु:ख पाउँदो रहेछ । यसको ज्वलन्त दृष्टान्त हाम्रो देश नेपाल पनि हो ।

नेपालले झण्डै अढाइ शताब्दीसम्म अनेकन् हण्डर र दु:ख झेल्यो । यसको सिकार नेपाली नागरिकहरू भए । विश्वका अरू मुलुकहरू विकासको तीव्र गतिमा अघि बढिरहेको अमूल्य समयलाई नेपालको राजनीतिक प्रणाली र शासकहरूले सदुपयोग गर्न सकेनन् । यसैको प्रतिफल आजको पछौटेपन, गरिबी र अविकास हो ।

अर्को कुरा गरिबीले प्रतिष्ठा बढ्दैन । नेपालको विश्वसामु प्रतिष्ठा बढ्न सकेन । यसको कारण हाम्रो अल्पविकास र गरिबी नै हो । हाम्रा नागरिकहरू विश्वभर हेपिएका छन्, निरीह र दयाका पात्र छन् । यो सबै कारण हाम्रो अकर्मण्यता हो । हामीले समयमै ध्यान पुऱ्याएको भए देश समृद्ध हुन्थ्यो । यही समृद्धिले नै हामीलाई प्रतिष्ठित बनाउँथ्यो र हाम्रो आत्मसम्मान बढाउँथ्यो । हामीले सगरमाथा देखाएर, बुद्ध भूमिको कुरा गरेर दुनियाँबाट पर्याप्त इज्जत पाउँदैनौं । यसका लागि पौरख गर्नुपर्छ । पौरखीहरूलाई मात्र दुनियाँले मान गर्दछ । हामीहरू ज्यादा गफाडी भएका छौं, परिमाणस्वरूप आजको दुरवस्था छ । कर्म नगर्नेहरूको भाग्य चम्किदैन भन्ने उदाहरण हामी नेपाली आफैं छौं ।

नेपालमा राजनीतिक दलहरूलाई जनताले धेरै साथ दिए । पटक-पटक आफ्नो बहुमूल्य मत दिएर शासन सत्तामा पुऱ्याए । तर बदलामा सोचेजस्तो प्रतिफल पाएनन् । त्यसैले आजकल हुने निर्वाचनहरूमा सबै जनता भोट हाल्न जाँदैनन् । मुस्किलले ६० प्रतिशत मतबाट सत्तामा जाने दलको चयन हुन्छ । अर्थात् ४० प्रतिशतको ठूलो संख्या उदासीन रहन्छ । यसबाट बुझ्नुपर्छ कि दलहरूसँग जनताको मन कुँडिएको छ । वृद्धवृद्धाहरू मत दिंदादिंदा दिक्दार र निराश छन् । नयाँ पुस्ताले अहिले चलेको राजनीतिलाई फोहोरी भन्छ । हुँदाहुँदा समग्र राजनीतिले नै 'डर्टी गेम'को संज्ञा पाएको छ । राजनीतिक नेतृत्वप्रति आकर्षण र आस्था दुवै हराउँदै गएको छ । लोकतन्त्रले जनताको जीवन बदल्छ भनिन्छ र दलहरूले पनि यही संकल्प दोहोऱ्याएर जनताको समर्थन पाएका छन् ।

तर लोकतान्त्रिक प्रणालीमार्फत उनीहरूले गरेको संकल्प पूरा भयो त ? यसको स्पष्ट जवाफ छैन । भन्नुको तात्पर्य पूरा भएन वा पूरा गरेनन् । पछिल्लो समय राजनीतिको अपरिहार्य अंगको रूपमा रहेको राजसंस्थालाई उन्मूलन गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरियो । अब चाहिं लोकतन्त्रले काम गर्छ भनेर उद्घोष भयो । बाचा-बन्धन पनि भए । फेरि एकपटक नेपाली जनताले दलहरूलाई विश्वास गरे । र, यो विश्वास झण्डै पन्ध्र वर्षदेखि कायम छ ।

नेपालको वर्तमान प्रणालीमा जनताको अधुरो सपना जोडिएको छ । साथसाथै नयाँ पुस्ताको भविष्य र राष्ट्रको प्रतिष्ठा पनि । अहिलेसम्म यी चौपट छन् । एकीकरण पश्चात्का खेर गएका राष्ट्रका बहुमूल्य अढाइ सयभन्दा बढी वर्षहरू अब फर्कंदैनन् । त्यस अवधिमा नेपाली जनताले भोगेका कहरहरूलाई विस्मृतिमा धकेल्दै हाम्रो समुन्नत राष्ट्र, सुखी तथा सम्पन्न नेपाली भन्ने मूल नारा र सपनालाई सार्थक बनाउन वर्तमान प्रणाली सफल हुन्छ कि हुँदैन, गम्भीर परीक्षा छ । अब हुँदै जाला, गर्दै जाउँला भन्ने विकल्प हामीसँग छैन ।

अर्को कुरा नेपालमा पछिल्लो समयमा राजनीतिक दलहरूले जनतामा राम्रो छाप पार्न सकेका छैनन् । यता आएर त दलको नेता बन्न राजनीतिक आदर्श, मूल्य, मान्यता, त्याग र इमान मात्र भएर हुँदैन भन्ने मानक स्थापित हुन लागेको देखिन्छ । पैसा, दलबल र धुर्त्याइँ, यी तीन राजनीतिका लागि आधारभूत तत्व हुन लागेका छन् । राजनीतिक दलसँग व्यापारी कति छन्, दलबल कत्रो छ र उसले जनता अलमल्याउन कति सक्छ जस्ता कुराले उसको भविष्य निर्धारण हुने भएको छ । के यही हो लोकतान्त्रिक राजनीति ? छिनोफानो गर्नुपर्ने भएको छ ।

राजनीतिक परिवर्तनले परिवर्तनकारी शक्तिलाई सत्तामा पुऱ्याउँछ । सत्ता भनेको काम गर्ने मौका हो । त्यस्तो मौका जसले जनताको जीवनमा सुधार ल्याउँछ, देशको मुहार बदल्छ र परिवर्तनको अनुभूति दिन्छ । के आज यी सबै कुरा हुँदैछन् त ? हाम्रो अगाडि गम्भीर प्रश्न खडा छन् ।

तसर्थ लोकतन्त्रले सिद्धान्त वा ग्रन्थमा भनेजस्तो व्यवहार पनि देखाउँछ भन्ने कुरा सिद्ध गर्नुपरेको छ । यसैका लागि वर्तमान प्रणाली हो । यस संघीय प्रणालीले पनि आफूलाई पुरानै पदचिफनमा हिंडाउन थाल्यो भने जनताको आशा मर्नेछ । तत्पश्चात् उर्लिने आँधीलाई थाम्न असम्भव प्राय: हुनेछ । *-साभार: अनलाइनखबर*

# समय र छालले कसैलाई पर्खंदैन



पेशल आचार्य

स्थानीय चुनावका केही झुर्काझुर्की रमाइला कुराहरू र रहलपहल फेन्टासी अझै बाँकी रहेका छन् । कुल स्थानीय तहहरूमा जितेका सिट संख्याका आधारमा अहिले विश्लेषण भैरहेका छन्- पहिलो पार्टी नेपाली कांग्रेस, दोस्रो नेकपा एमाले, तेस्रो माओवादी केन्द्र, चौथो जसपा, पाँचौं लोसपा, छैटौं राप्रपा, सातौं राप्रपा नेपाल अनि क्रमश: विवेकशील साझा, जनमोर्चा र नेमकिपा आदि ।

रमाइलो कुरा त के छ भने, सिटका आधारमा पहिलो पार्टी कांग्रेस बने पनि पपुलर भोटका आधारमा एमालेले कांग्रेसलाई ७ लाख मतले उछिनेर पहिलो पार्टी भएको छ । त्यसै आधारमा प्रमुख प्रतिपक्षी दलका नेता तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली आफ्नो पार्टीलाई फाइदा हुने खालका दिनहुँ केही न केही राजनीतिक फन्डाहरू बोलिरहेका छन् । यद्यपि उनको पार्टीभित्र पुन: वैचारिक नेता घनश्याम भुसालगायत अन्य दश भैयालाई कारबाहीका गृहकार्यसमेत भएका गाइँगुइँ हल्लाहरू समाचारहरूमा बाहिर आइरहेका छन् ।

यसरी राष्ट्रिय राजनीतिका केन्द्रीय नेताहरू केपी ओली, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल र झलनाथ खनालहरूले नै समाचार स्कुप पुग्ने खालका बेढङ्गका कुराहरू बोलिरहेकाले सत्तारुढ दलका नेता, सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले छुट्टै केही भाषण गरिरहनुपरेको छैन । उनी नेकपा समाजवादीले मन्त्री फेरबदलबारे गरेको निर्णयलाई नयाँ बजेट पास गराएर मात्र लागू गर्ने पक्षमा छन् । सो बेला विदेशी दातृ राष्ट्रले दिएको सल्लाह मानेर उनले अर्थमा जनार्दन शर्माका ठाउँमा वर्तमान सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्र कार्की र गृहमा माओवादीका नारायणकाजी श्रेष्ठलाई लैजाने आन्तरिक तयारी गरेको समेत बुझिएको छ ।

नेपाली कांग्रेसका महामन्त्री तथा सांसद गगन थापाले काठमाडौंको हात्तीगौंडामा नील डेभिड सैलुनको १६ औं वर्षगाँठका अवसरमा गत शुक्रबार एक भव्य समारोहबीच नील डेभिड सैलुनको १६ औं शाखाको उद्घाटन गरे । सो उद्घाटन कार्यक्रममा नेपाली चलचित्रका सदाबहार अभिनेता भुवन केसी, अभिनेत्री सञ्चिता लुइँटेल, अन्तर्राष्ट्रिय हेयर स्टाइलिस नील डेभिड कटुवाल र सांसद गगन थापाले संयुक्तरूपमा सो उद्घाटन गरेका हुन् । सामाजिक सञ्जालमा उनले गरेको सो उद्घाटनलाई लिएर निकै रोमाञ्चक गसिपहरूसमेत भएका छन् । महामन्त्री गगन थापाले मल कारखानाको उद्घाटन गरेको समाचार सानदाररूपमा सञ्चार माध्यममा आएको हुन्थ्यो भने सोको सकारात्मक फ्लेभर देशैभरि जान्थ्यो भन्ने खालका कुराहरू गरिए । देशभरि खेतीपातीका बेला युरिया र डीएपीजस्ता रासायनिक मलहरू नपाएर किसानहरू हाहाकार हुँदा भोलिका प्रधानमन्त्रीसमेत हुने ल्याकत राख्ने र आजका लाखौं युवाहरूका धुकधुकी सांसद गगन थापाले संसद् बैठकमा किसानका हकहित र मल अभावबारे बोल्छन् अनि सरकारलाई मल किन्न दह्रो पाराले घचघच्याउँछन् भन्ने किसानहरूको आशामा यसपटक नराम्रोसँग पानी फ्याँकियो ।

उनले केही बोलेनन् बरू बोले यातायात व्यवस्था विभागले सबै खाले सवारीसाधनलाई आगामी साउन १ गतेदेखि अनिवार्यरूपमा लागू गर्न खोजेको 'इम्बोस्ड नम्बर प्लेट'का बारे । सो नम्बर प्लेटका बारेमा बोलेर यस बेला मल नपाएर हैरानी खेपिरहेका किसानहरूलाई केही राहत दिँदैन । उनले त अहिले मलका बारेमा धेरै कुरा बोल्न सक्थे । निर्णय गर्ने पार्टीको आधिकारिक बडी र संसद्मा उनी प्रभावकारी स्थानमा छन् तर पनि बोलेनन् । किन बोलेनन्, यसका धेरै अर्थहरू लगाउन सकिएला तर सोझो र सरल अर्थ लगाउने हो भने उनले किसान र कृषि कार्यलाई प्राथमिकतामा राख्न चाहेनन् ।

प्राथमिकतामा राख्न नचाहनु उनको र उनी सम्बद्ध पार्टीको रूचिको विषय होला । जनतालाई त्यता पनि लिनुदिनु केही छैन तर उनी सम्बद्ध पार्टीको नेतृत्वमा यतिखेर मुलुकमा गठबन्धनको सरकार छ । यो बेलामा किसानहरूलाई राहत नदिनु भनेको सोझै खेतबारीहरू बाँझो राख भन्नु हो तर सरकारले आउँदो आर्थिक वर्षको बजेटमा किटेरै 'खेतबारी बाँझो राख्ने किसानहरूलाई १ लाख रूपियाँ जरिबाना गर्ने भनेर आदेश फर्मान गरेको छ । यसरी विवादास्पद कुराहरू गरेर जनतालाई अलमल्याउन खोजिएको हो भने नजिकिँदै गरेको आगामी संघीय र प्रादेशिक चुनावमा सरकारमा सहभागी अझ खासगरी नेतृत्व लिने पार्टी नेपाली कांग्रेसलाई अहिलेका मौनता र विवादास्पद नीतिहरू महँगा नपर्लान् भनेर भन्न सकिन्न ।

अहिले स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव जितेका बालेन शाह र हर्क साम्पाङ राईहरूलाई पहिलो स्टेपमै असफल बनाउन पार्टीका आधिकारिक निर्वाचित व्यक्तिहरू नै लागिपरेका समेत देखिए । काठमाडौं महानगरपालिकाको पहिलो कार्यपालिका बैठकमै बालेन शाहले जब बैठकलाई लाइभ प्रसारण गरेर त्यहाँभित्र भएका सबै अभिव्यक्ति बाहिर ल्याउन खाजे तब महानगरका पुराना र खल्ली पाराका केही वडा अध्यक्षहरू बालेनका पछि हात धोएरै समेत लागे । राजधानीको फोहोरलाई बन्चरेमा व्यवस्थित गर्न र रिफाइन गरी मल बनाउन लागिपरेका बालेनलाई असफल बनाउन पार्टीका वडा अध्यक्षहरूले एकसूत्रीय रणनीति नै बनाएको देखियो ।

जसले आगामी दिनमा अझ उच्च मनोबलका साथ संघीय र प्रादेशिक चुनावमा स्वतन्त्र उम्मेदवारहरू जतातत्तैबाट उठ्ने र जित्ने सम्भावनाको विकास हुँदै जाने देखिन्छ । पोखरा महानगरपालिकामा स्वतन्त्र उम्मेदवार भएर मेयरमा उठेका अटेरी अभियानका संयोजक तथा लेखक गनेस पौडेल स्वतन्त्र जनप्रतिनिधिहरूलाई हेर्ने अहिलेका नेताहरूको पुरातन मानसिकताबारे आफ्नो स्पष्ट अभिमत यसरी पोख्छन्- 'हिजो स्वतन्त्र उम्मेदवारी दिने हामी सबैलाई होच्याउनेहरू बालेन, हर्क र गोपीलगायत ३ सय ८७ जना स्वतन्त्र उम्मेदवारले चुनाव जितेर देखाइदिएपछि एकछिन् रनाहामा परे । कतिजना अझै रनाहा परिरहेका छन् ।

उनीहरूको पूरापूर ध्यान आफ्नो राजनीतिको दोकान बन्द नहोस् भन्नेमा केन्द्रित हुन थालेको छ । 'फोहोर'को राजनीति यसैको संकेत हो । अहिले संघीय र प्रादेशिक चुनावमा उम्मेदवारी दिन खोज्ने युवाहरूलाई होच्याउन दलका दलाल बुद्धिजीवीहरूले 'म:म:' पसलको उपमा उन्दै छन् । हाम्रो उम्मेदवारी कुनै म:म: पसल थिएनन् । पेडा पसल थिएनन् । यो सामाजिक आन्दोलन थियो । राजनीतिक परिवर्तनको संकेत थियो । स्वतन्त्र रहँदारहँदै उनिएको सामूहिक आवाजको गुञ्जन थियो । के बालेन, हर्क र गोपीलगायत चर्चित वा गुमनाम स्वतन्त्र जनप्रतिनिधिहरुले म:म: पसल खोलेका हुन् ? किन गर्न खोजिँदै छ स्वतन्त्र जनमतलाई बदनाम ? कसले दबाउन खोज्दै छ युवाहरूको आवाज ? कसले रोक्न खोज्दै छ एउटा अवश्यम्भावी आँधी ? याद गर्ने छौं । हेक्का राख्ने छौं । आँधीले सबैको जवाफ दिनेछ ।'

यतिखेर भाव, अभाव र प्रभाव जेमा परे पनि नेपाली जनता स्वस्फूर्तरूपमा जागेका छन् । चेतनाको लेभल हाई भएको छ । उनीहरू कुनै पनि कुरालाई फरक र आधुनिक शैलीमा सोच्न, विचार्न र आइपरेको खण्डमा प्रयोगसमेत गर्न थालेका छन् । उनीहरू भन्छन्- 'बीपी, पुष्पलाल र मदन भण्डारीका औतारी हुन् आजका स्वतन्त्र उम्मेदवारहरू ! उनीहरूले नै पठाएका दूत हुन्- बालेन, हर्क साम्पाङ र गोपी हमालहरू । राजनीतिक दल एक-अर्कामा खूब लड्छन् । पार्टी र नेताकै कारण आफ्नै दाजुभाइ पनि टाउको फोराफोर गर्छन् तर जब बालेन र बालेनहरूलाई फेल बनाउनुपर्ने हुन्छ, तिनीहरू बीचैमा मिल्छन् ।

सरसल्लाहविना नै उनीहरूको आन्तरिक गठबन्धन बनिसक्छ । 'काले-काले मिलेर खाऊँ भाले' भनेजस्तै हो यो प्रवृत्ति । तिमी साँच्चिकै कांग्रेस हौ भने बालेनमा बीपी खोज, तिमी साँच्चिकै कम्युनिस्ट हौ भने बालेनमै पुष्पलाल खोज ! तिम्रा पार्टीले आदर्श चरित्रको दर्शन छोडिसके ! अब उनीहरूका दर्शन बोकेर बालेनहरू, हर्कहरू र गोपीहरू एकसाथ चारैतिरबाट आउँदै छन् । हो, कार्ययोजना लिएर अनि समस्याको वस्तुगत वर्गीकरण र योजनाबद्ध समाधान लिएर अनेक नाम र विचारमा नूतन स्वतन्त्रहरू आउँदै छन् !! यो त कास्टिङ मात्र हो । पूरा सिनेमा त अब हुने प्रादेशिक र संघीय चुनावमा हुनेछन् ।

जब देशैभरिबाट चिन्तन, कार्यशीली, ऊर्जा, सीप, मेनेजमेन्ट र कार्यदक्षता भएका नौजवान युवाहरू भरर्र चारै दिशाबाट चुनाव लडेर जिती संसद्मा संसद्को लोगो लगाएर रोस्टममा प्रस्तुत हुनेछन् अनि त्यस बेला पुरातन ठालु पार्टीका सच्चिन नसकेका नेताहरूका मुटुमा एकसाथ हजारौं ढ्यांग्राहरू ठोक्किने छन् ।

*-बाँकी ३ पेजमा....*

*मूल्य बढ्दा सरकारलाई मालामाल*

# पेट्रोलमा मात्रै अर्थ मन्त्रालयले उठाउने कर १ अर्ब बढ्यो



काठमाडौँ/ मूल्यवृद्धि जति भयो सरकारको आम्दानी त्यति धेरै बढेको देखिएको छ । मूल्यवृद्धि हुँदा पेट्रोलमा मात्रै सरकारको आम्दानी मासिक १ अर्ब बढ्ने देखिएको हो ।

पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ । इतिहास कायम गर्दै १९९ रुपैयाँ प्रतिलिटर पुगेको छ । सोही अनुपातमा डिजेल, हवाइ इन्धन, एलपी ग्यासको समेत मूल्य बढेको छ । सोमबारदेखि लागू हुने गरी सरकारले अहिले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

नेपाल आयल निगमले पेट्रोलको मूल्य लिटरमै २१ रुपैयाँले वृद्धि गरेको हो । योसँगै सर्वसाधारणले अब पेट्रोल लिटरको १ सय ९९ रुपैयाँ तिर्नुपर्ने भएको छ । पेट्रोलसँगै अब डिजेल र मट्टीतेलको खुद्रा बिक्री मूल्य २७ रुपैयाँ प्रतिलिटरले बढेर १९२ रुपैयाँ पुगेको छ ।

निगमका अनुसार हवाइ इन्धन (आन्तरिक) तर्फ १९ रुपैयाँ लिटरमा बढ्दा १८५ रुपैयाँ, हवाइ इन्धन (बाह्य) तर्फ अमेरिकी डलर सयले वृद्धि हुँदा प्रतिकिलोलिटर अमेरिकी डलर एक हजार छ सय ४५ कायम भएको छ । एलपी ग्यासको मूल्य भने पहिलेकै कायम राखिएको निगमले जनाएको छ ।

निगमका अनुसार पेट्रोल लिटरमा १३ रुपैयाँ ५८ पैसा, डिजेल १३ रुपैयाँ ९५ पैसा, मट्टितेल ४३ रुपैयाँ ०६ रुपैयाँ नाफा, हवाइ इन्धन आन्तरिकमा १३ रुपैयाँ ६१ रुपैयाँ नाफा, बाह्यमा ५६ रुपैयाँ ६७ पैसा नाफा र एलपी ग्यास प्रतिसिलिन्डर ७५१ रुपैयाँ १४ रुपैयाँ घाटा छ ।

***निगम घाटामै, सरकारलाई फाइदा***

यसरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा नेपाल आयल निगम अझै घाटामा रहे पनि हरेक पटकको मूल्यवृद्धिमा सरकारलाई भने फाइदा हुने देखिएको छ । पेट्रोलको मूल्य बढिरहँदा सरकारले लिने कर पनि वृद्धि हुँदै गइरहेको देखिएको हो । निगमले घटा रहेको भने पनि राज्य कोषमा जाने कर भने बढेको देखिएको छ ।

निगमले जारी गरेको जेठ ८ गतेको सूचनाअनुसार पेट्रोल १ सय ९४ रुपैयाँ ६४ पैसा थियो । तर १४ रुपैयाँभन्दा बढी घाटा खाएर सर्वसाधारणलाई १ सय ८० रुपैयाँमा बेचेको थियो । जेठ ८ गतेको मूल्यसूचीअनुसार सरकारले कर ६३ रुपैयाँ २३ पैसा प्रतिलिटर पेट्रोलमा उठाएको थियो ।

तर आइतबार राति निगमले जारी गरेको सूचनाअनुसार भने प्रतिलिटर पेट्रोलमा ६५ रुपैयाँ ६१ पैसा सरकारले कर उठाउँछ । यो अर्थमा २ रुपैयाँ ४८ पैसा निगमलाई प्रतिलिटर पेट्रोलमा कर बढेको देखिएको हो ।

यसरी हेर्दा पेट्रोलियम अर्थमा सरकारले उठाउने करमा उल्लेख्य वृद्धि भएको छ । मासिक रुपमा हेर्दा अब अर्थ मन्त्रालयमातहतका कार्यालयहरुले उठाउने करमा पेट्रोलमा मात्रै १ अर्ब थप भएको छ । निगमका अनुसार नेपालमा मासिक ४० हजार किलोलिटर हारहारीमा पेट्रोल खपत हुन्छ ।

२ रुपैयाँ ४८ पैसा थप गर्ने हो भने अब पेट्रोलबाट मात्रै सरकारलाई कर १ अर्ब हाराहारीमा थपिने भएको छ । यही अनुपातमा डिजेल र हवाइ इन्धनमा समेत सरकारलाई कर बढ्ने निगमले दिएको तथ्यांकले देखाउँछ ।

***यी शीर्षकमा उठाउँछ सरकारले कर***

नेपाल आयल निगमका अर्थ प्रशासन प्रमुख नागेन्द्र साहका अनुसार निगमले भारतबाट पेट्रोल १३१ रुपैयाँ ९१ पैसामा खरिद गर्छ । सरकारी भन्सार तथा प्रज्ञापन शुल्क २५ रुपैयाँ २३ पैसा सरकारले उठाउँछ । अन्य करमा सडक मर्मतसम्भार शुल्क ४ रुपैयाँ, प्रदूषण कर १ रुपैयाँ ५० पैसा, पूर्वाधार कर १० रुपैयाँ मूल्यअभिवृद्धि कर २२ रुपैयाँ ८९ पैसा मूल्य स्थिरीकरण कोष शुल्क १ रुपैयाँ ९९ पैसा कर तिर्नुपर्ने उनको भनाइ छ ।

'सबै गरी ६५ रुपैयाँ ६१ पैसा सरकारको खातामा करको रुपमा जान्छ', साह भन्छन्, 'त्यसको अलवा उपभोक्ता मूल्यमा ढुवानी भाडा ६ रुपैयाँ ५८ पैसा, निगमको प्रशासनिक एवं बिक्री खर्च ६० पैसा, बीमा खर्च शून्य दशमलव ०६ पैसा, निगमको प्रविधिक नोक्सानी १ रुपैयाँ ५२ पैसा बिक्रेता कम्पनीको नाफा ६ रुपैयाँ ३० पैसा छ ।

जसअनुसार पेट्रोलको मूल्य १ सय ९९ रुपैयाँ पुगेको देखिएको हो ।' सोही अनुपातमा डिजेल, मट्टितेल, हवाइ इन्धनमा समेत सरकारले कर र निगमले आफ्नो खर्च जोडेको छ ।

***उपभोक्तालाई मार, घटेन कर***

जेठ १० गते मन्त्रिपरिषद्को बैठकले पेट्रोलियम पदार्थमा कर घटाउने निर्णय गरेको थियो । कुन शीर्षकको कर घटाउने र कति मात्रामा कटाउने जिम्मेवारी भने अर्थ मन्त्रालयलाई दिएको थियो । तर अहिलेसम्म कर भने घटाएको छैन ।

अर्थ मन्त्रालयले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पूर्वाधार करमार्फत उठाइँदै आएको १० रुपैयाँबराबरको मूल्य घटाउन आग्रह गरेको थियो ।

सो अनुसार निगमले मूल्य घटाए पनि दुई पटक मूल्य बढेको छ । अर्थ मन्त्रालयले अहिलेसम्म कर घटाउने आधिकारिक निर्णय नगरेको निगमले जनाएको छ ।

-साभार: नेपालखबर

## अब ग्यासको मूल्य दुईथरी तोक्ने तयारी



काठमाडौं/ सरकारले खाना पकाउने ग्यासमा दुईथरी मूल्य निर्धारण गर्ने तयारी गरेको छ । यस्तो व्यवस्था चाँडै गर्ने तयारी सरकारको तयारी छ ।

नेपाल आयल निगमले औद्योगिक प्रयोजनका लागि सरल मूल्यमा र घरायसी प्रयोजनका लागि केही सहुलियतमा ग्यास बिक्री गर्ने तयारी गरिरहेको जनाएको छ ।

नेपाल आयल निगमका प्रबन्ध निर्देशक उमेशप्रसाद थानीले यसका लागि ग्यासको गन्ध र सिलिन्डरकव रंग फेर्ने तयारी भएको बताए । 'गन्ध, रङ्ग र साइजका आधारमा चाँडै ग्यासको दोहोरो मूल्यमा जान्छौं' उनले भने । अन्तर्राष्ट्रिय बजारमा ग्यासको मूल्य बढे पनि तत्काल नेपालमा भने मूल्य बढाउने तयारी नरहेको उनले बताए ।

-साभार: इकागज

## बहराइनलाई हराउँदै नेपाल सेमिफाइनलमा



काठमाडौं/नेपाली राष्ट्रिय महिला क्रिकेट टोली एसीसी महिला टी-ट्वान्टी च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको खेलमा बहराइनलाई ८ विकेटले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

मलेसियाको किनारा ओभलमा वर्षाका कारण ७ ओभरमा घटाइएको खेलमा बहराइनले दिएको १५ रनको लक्ष्य पछ्याएको नेपालले ३ ओभर ४ बलमा २ विकेट गुमाएर पूरा गर्‍यो । नेपालका लागि सीता राना मगरले ४ रन बनाउँदा कविता जोशीले ३ रन बनाइन् । बहराइनका लागि पावितार सेट्टी र भिटिका बार भोजाले एक-एक विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको बहराइनले ६ विकेट गुमाएर १४ रन बनाएको हो । बहराइनका लागि इशारा सुहुनले सर्वाधिक ६ रन बनाइन् । नेपालका लागि बलिङतर्फ कविता कुँवर र सबनम राईले दुई-दुई विकेट लिइन् ।

त्यस्तै अस्मिना कर्माचार्यले एक विकेट लिइन् । जितसँगै नेपाल ३ खेलबाट ६ अंक जोडेर शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुगेको हो । अब अन्तिम खेलमा नेपालले हङकङसँग खेल्नेछ ।

-साभार: रातोपाटी


## 'हेल्लो जिन्दगी'ले गान्तोकमा जित्यो क्रिटिक्स च्वाइस अवार्ड

काठमाडौं/ एभरेष्ट सूर्य बोहरा निर्देशित फिल्म 'हेल्लो जिन्दगी'ले भारतको गान्तोकमा हालै सम्पन्न गान्तोक इन्टरनेशनल फिल्म फेस्टिभलमा क्रिटिक्स च्वाइस अवार्ड जितेको छ ।

१६ औं संस्करणको फेस्टिभलमा 'हेल्लो जिन्दगी'सहित अन्य देशका फिल्म प्रतिस्पर्धामा थिए । जसमध्ये 'हेल्लो जिन्दगी'ले न्यारेटिभ फिचर फिल्म विधा अन्तर्गत अवार्ड जितेको निर्देशक बोहराले जानकारी दिए ।

रोयल सोसाइटी अफ टेलिभिजन एण्ड मोसन पिक्चर्सको आयोजनामा सन् २०२१ देखि मासिक रुपमा हुँदै आइरहेको फेस्टिभलमा आफ्नो फिल्मले अवार्ड जित्दा खुसी लागेको अभिनेता विक्रम जोशीले बताए ।

'आफ्नो मेहनत, सोच र प्रस्तुतिले पुरस्कार पाउँदा हर्षित छु,' जोशी भन्छन्, 'आगामी दिनमा अझ सुन्दर फिल्म निर्माण तथा अभिनय गर्न प्रोत्साहन मिलेको छ ।' गत चैत १८ गते देशभर प्रदर्शन भएको फिल्ममा विक्रम जोशी, प्रियंका कार्की, दीपिका प्रसाईं, विक्रान्त बस्नेत, विल्सनविक्रम राई, सविता गुरुङ र निर्देशक बोहरा स्वयंको प्रमुख भूमिका छ ।



-साभार: अनलाइनखबर

## जनतालाई हेरेर बजेट बनाएको अर्थमन्त्री शर्माको दाबी

काठमाडौँ/ अर्थमन्त्री जनार्दन शर्माले जनतालाई हेरेर बजेट बनाएको दाबी गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा उनले यस्तो दाबी गरेका हुन् ।

व्यापार घटाउने उद्देश्य राखेर नै ठूला उद्योगलाई विद्युत् महशुलमा छुट दिइएको शर्माको दाबी छ । आफ्नो उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सरकारले एउटा पहल गरेको जानकारी दिँदै उनले आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि ध्यान दिइएको उनले बताए ।

बजेट कार्यान्वयनका सन्दर्भमा सरकारले केही क्षेत्रमा क्षमता विकास गर्नुपर्ने आवश्यकता महसुस गरेर नै प्रक्रिया अगाडि बढाइएको छ । सरकारले करको दरमा केही परिवर्तन गरिएको र सुविधा वृद्धि गरिएको अर्थमन्त्रीको भनाइ छ । सुपारी र केराउको तस्करी रोक्नका लागि करको दरमा वृद्धि गरिएको उनले सदनलाई जानकारी दिए । स्वास्थ्यलाई हानी गर्ने र विलासी वस्तुमा कर वृद्धि गरिएको जानकारी दिँदै सरकारले मुलुक सञ्चालनका लागि केही क्षेत्रमा केही दायरा विस्तार गरिएको बताए । कुनै पनि समूहलाई लक्षित गरेर स्टील तथा फलाम स्टीलमा करको दरमा हेरफेर नगरिएको उनको भनाइ छ । धौवादी फलाम खानीको फलाम प्रयोग गर्ने गरी सरकारले प्रक्रिया अगाडि बढाएको अर्थमन्त्रीको भनाइ छ । विद्युतीय सवारीसाधनमा पनि अनुहार हेरेर करको दर निर्धारण नभएको र बजारमा १३ प्रकारका सवारी साधन १०० किलोवाट भन्दा कम क्षमताका उपलब्ध रहेको बताए ।

माइतीघर मण्डलामा रातो कर हटाउ भनेर आन्दोलन गरेको सन्दर्भ जोड्दै अर्थमन्त्रीले महिलाको स्वास्थ्यलाई ध्यानमा राखेर स्यानेटरी प्याडका सन्दर्भमा निर्णय गरिएको जानकारी दिए । उनले सरकारी निकायले नै झण्डै दुई अर्ब बराबरको स्यानेटरी प्याड खरिद गर्ने र त्यसमा स्वदेशी उद्योगले नै फाइदा लिने बताए ।

-साभार: इकागज

## *समय र छालले...*

जनतालाई अलमल्याएर, सपनामा झुत्ती खेल्न मात्र लगाएर र कुनै पनि काममा सिस्टम डेलिभरीका आउटपुट नल्याई हुन्छ-हुन्छ मात्र भनेर अबका दिनमा कसैले राजनीति गर्छ भने यसको कामै छैन । यो अन्तर्य सबै मतदाताले बुझिसकेको स्थिति छ ।

शनिबार नुवाकोटको त्रिशूली जलविद्युत् आयोजनाको एघार हजार भोल्टको र राष्ट्रिय प्रसारण लाइनबाट बाहिर लगिएको बिजुलीको लठ्ठामा एकजना मानसिक सन्तुलन गुमाएका व्यक्ति चढ्नाले दिनैभरि हङ्गामा भयो । नेपाल विद्युत् प्राधिकरणको नुवाकोट प्रसारण केन्द्रले करिब ८ घन्टा विद्युत् लाइन काट्नुपर्‍यो । अन्त्यमा नेपाली सेना र नेपाल प्रहरीको जिम्मेवार टोलीले उक्त व्यक्तिको सकुशल उद्धार गरी परिवारलाई जिम्मा लगाएकाले ती व्यक्ति ठूलो दुर्घटना हुनबाट जोगिए । सो घटनाले देशैभरि हेहल्ला मच्चायो । उपभोक्ताहरूले विरोधस्वरूप फेसबुकमा लेखे- 'मानसिक सन्तुलन ठीक नभएको एउटा व्यक्ति बिजुलीको तारमा ८ घन्टा झुन्डिदा हामीलाई यत्रो छट्पटी भएको छ । यस्ता मानसिक सन्तुलन ठीक नभएका कैयौं व्यक्तिहरू वर्षौंवर्ष ठूल्ठूला पदमा झुन्डिएर विकास र समृद्धि रोकिरहेका छन् ! के त्यसमा हामीलाई छट्पटी हुनुपर्दैन ?' जनआवाजहरू यसरी हरेक घटनाहरूमा बाहिर आउनु भनेको जनता जागरूक भएको दह्रो प्रमाण हो । यस्तो लाग्छ, समय निकै अघि गैसक्यो तर हाम्रा नेता र तिनका कार्यकर्ताहरू पछि नै छुटेका छन् ।

राजनीतिक विश्लेषक अरुण बराल भन्छन्- 'चुम्बक जति चोइटियो, दुई ध्रुव बन्छ । अमिबा जति टुक्रियो उति स्वतन्त्र बन्छ । पार्टी (स्वतन्त्र) जति फुट्यो उति दुई लाइन संघर्ष हुन्छ । शुद्धतावादी एङ्गेल्स भन्छन्- 'एकनिष्टता'लाई नै पवित्र मान्ने भए फित्ते जुकालाई मान्नुपर्छ, जसको शरीरमा दुईवटा यौनाङ्ग हुन्छन् र आफैँसँग मैथुन गर्दैमा उसको जुनी बित्छ ।' वर्तमान समयको योभन्दा सटिक चित्रण शायद अरू हुन सक्दैन ।

-साभार: नेपाल समाचारपत्र


## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति २०७९।०३।०७)*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको मिति २०७९/०३/०६ गतेको च.नं.१५०९ को प्राप्त पद पूर्ति अनुमति पत्रानुसार र यस विद्यालयको वि.व्य.स.को मिति २०७९/०३/०३ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको मा.वि तहको विज्ञान विषयको राहत अनुदान कोटामा खुल्ला प्रतिस्पर्धा तथा शिक्षक सेवा आयोगको करार सुचिमा रहेको उम्मेद्वारहरुमध्येबाट शिक्षक नियुक्त गर्नु पर्ने भएकाले तपशिलअनुसारको योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट यो दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

विज्ञापन नं.:- ०१/०७८/०७९
विषय :- विज्ञान
तह/श्रेणि :- मा.वि. तृतिय (राहत)
सेवा सुविधा :- प्रचलित सरकारी नियमानुसार
न्युनतम शैक्षिक योग्यता :- मुल विषय विज्ञान लिएर वि.ए.सि वा सो सरह उतीर्ण
उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
दरखास्त दिने अन्तिम मिति :- २०७९/०३/२२ गते अपराह्न ४:०० बजे सम्म
दरखास्त दस्तुर :- रु.१५००।- (एक हजार पाँच सय रुपैया मात्र ।)
परीक्षा मिति :- सम्पर्क मितिमा तोकिने छ ।
सम्पर्क मिति: २०७९/०३/२२ गते
परीक्षाको किसिम :- लिखित, मौखिक तथा आवश्यकता अनुसार कक्षा अवलोकन ।

**आवश्यक कागजातहरू :-**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी २/२ थान (नोटरी पब्लिकबाट प्रमाणि गरेको)
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २/२ थान
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ थान

(**नोट** : शिक्षक सेवा आयोगको करार सूचिमा रहेकाहरुको हकमा योग्यताक्रमको आधारमा नियुक्ति गरिने छ भने खुल्ला उम्मेदवारहरुको लागि शिक्षा नियमावली २०५९ को संशोधनसहितको प्रक्रिया पुरा गरी पदपुर्ति गरिने छ ।)

सम्पर्क नं. ९८१९२२४४७६, ९८४५७०१९२८, ९८०६८८३४२३

**श्री माध्यमिक विद्यालय, कोगटे**
भीमफेदी-७, कोगटे, मेल्टार, मकवानपुर
बागमती प्रदेश, नेपाल



## बहराइनम वैदेशिकको अवसर

कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL
शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/२० चलानी नं.: ६०१५८८९१ LT. No.: 240040 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ३९,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Supervisor | 10 | 0 | | 200 | ६५,९२२ | | | | | | | |
| 3. | Light Vechcle Driver | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५६,०३३ | | | | | | | |
| 5. | Cctv Operator | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |

**फाइनल अन्तरवार्ता २०७९ असार ९ गते बिहीबार होटल तिरुपति चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले ब्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | रोजगार दाताले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
श्रम इ. पत्र नं.: १०३१/०७३/०७४
**चितवन सम्पर्क : 9855063454, 9806595102**



## हार्दिक बधाई




मकवानपुर जिल्लाको सञ्चार क्षेत्रमा डेढ दशक लामो सफलतापूर्ण इतिहास बनाउँदै २०७४ सालको पहिलो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानअन्तर्गत् भएको स्थानीय तहको निर्वाचनमा हेटौंडा उपमहानगरपालिका १ नम्बर वडाको अध्यक्ष पदमा निर्वाचित सकारात्मक सोचसहितको कुशल नेतृत्वकर्ताको रुपमा परिचित हुँदै नेपाली काँग्रेस पार्टीको तर्फबाट पुन: दोस्रो कार्यकाल हेटौंडा १ नम्बर वडाको **अध्यक्ष** पदमा लोकप्रिय मतका साथ निर्वाचित हुनुभएका युवा नेता **श्री सविन न्यौपाने**ज्यू हेटौंडा उपमहानगरपालिकाको **प्रवक्ता** जस्तो गरिमामय पदमा कार्यपालिकाको सर्वसम्मत निर्णयबाट चयन हुनुभएकोमा उहाँलाई हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ध्रुव घिमिरे (अध्यक्ष) एवम्
**घरजग्गा व्यवसायी संघ मकवानपुर, परिवार**

# बागमतीमा १० हजारलाई स्वरोजगार बनाउन कति सम्भव ?

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि झण्डै ७१ अर्बको बजेट ल्याइसकेको छ ।

१ साउनदेखि कार्यान्वयन हुने अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्दै सरकारका आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले श्रम, रोजगार र यातायातको क्षेत्रमा ९४ करोड २४ लाख रुपैयाँ बजेट छुट्याए ।

सोही बजेटमध्येबाट १० हजार युवाहरुलाई स्वरोजगारमूलक सीप सिकाउन १५ करोड रुपैयाँ बजेट बिनियोजन भएको छ । युवाहरुलाई सीप सिकाएर स्वरोजगार बनाउने योजनासँगै श्रम तथा यातायातका क्षेत्रमा पनि बजेट बिनियोजन गरिएको छ । श्रम तथा यातयातका क्षेत्रमा राम्रो योजना सरकारले ल्याएका छन् ।

तर, सरकारका यी योजना कार्यान्वयन हुनेमा साढे ३ वर्ष बागमती सरकार चलाएको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको शंका छ । एमालेले निर्वाचन लक्षित वितरणमुखी बजेटको संज्ञा पनि दिएको छ । सरकारले आगामी आवका लागि ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँबराबरको बजेट ल्याएको हो ।

चालू आर्थिक वर्ष २०७८/०७९ मा बजेट खर्च निराशाजनक रहेको बागमतीमा चालूको भन्दा १३ अर्ब बढी बजेट आएको हो । एकातिर बजेट खर्च गर्न नसक्ने अर्कोतिर सरकारको आयु करिब ६ महिनामात्रै बाँकी रहेकाले बजेट कार्यान्वयनमै एमालेले प्रश्न उठाएको हो ।

आगामी मंसिरमा प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन हुने भएकाले बजेट कार्यान्वयनमा समस्या देखिएको बताएको हो । एमालेले भनेजस्तै बजेट कार्यान्वयन हुन नसके गरिब, विपन्न र द्वन्द्वपीडित परिवारकालाई १० हजार युवालाई सीप सिकाएर स्वरोजगार बनाउने योजना अलपत्र पर्न जान्छ । 'मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम'का नाममा १० हजार युवाहरूलाई



स्वरोजगारमूलक सीप सिकाउन भन्दै १५ करोड रुपैयाँ विनियोजन भएको हो । जसमध्ये एक युवाको भागमा १५ हजार रुपैयाँ पर्न जान्छ । १५ हजार रुपैयाँमा स्वरोजगारमूलक सीप सिकाउन नसकिने भन्दै बजेटमाथि सांसदहरुले प्रश्न उठाएका छन् । सांसद्हरुले कार्यकर्ता पोस्न उक्त कार्यक्रम ल्याइएको आरोप लगाएका छन् ।

प्रतिव्यक्ति १५ हजार रुपैयाँमा युवाहरुले कस्तो ? सीप सिक्ने सरकारको योजनामाथि नै प्रश्न उठेको छ । एमाले संसदीय दलकी नेता अष्टलक्ष्मी शाक्यले बजेट कार्यान्वयनमै आशंका रहेको बताएकी हुन् । 'बजेटले सबै क्षेत्रलाई समेट्न खोजेको देखियो । तर, कार्यान्वयनमा शंका छ ।,' शाक्यले भनिन्, 'समयावधि कम छ, बजेट कार्यान्वयन कसरी हुन्छ ?,' यसअघि युवाहरुलाई स्वरोजगार बनाउने योजना पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

रोजगारका क्षेत्रमा राम्रा काम गर्न खोजेको बजेटबाट देखिन्छ । वैदेशिक रोजगारीबाट फर्केका तथा हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरुलाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाउने अभियानका लागि बजेटको व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीमा जाने युवाहरुलाई आवासीय, आवधिक र सघन सीपमूलक र वैदेशिक रोजगारीमा जाने मुलुकमा माग हुने खालका तालिम र सीप परीक्षण र प्रमाणीकरण समेत गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग सहकार्य गरिने बजेटमा उल्लेख छ ।

स्वरोजगारमा संलग्न, नीजि तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजान संघीय सरकार र सामाजिक सुरक्षा कोषसँग सहकार्य गरिने जनाइएको हो ।

**कति समेटिए यातयात र श्रम क्षेत्र ?**

प्रदेश सरकारले यातायात र श्रम क्षेत्रलाई समेटेर केही राम्रा योजनापनि ल्याएको छ । प्रदेश राजमार्गका उपयुक्त स्थानमा नीजि क्षेत्रसँगको सहकार्यमा एकीकृत स्मार्ट रिफ्रेस एन्ड ट्रान्सफर सेन्टर तथा प्रदूषण परीक्षण सेवा सञ्चालनमा ल्याइने बजेटमा उल्लेख छ ।

सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधि स्थापना गर्न संघीय सरकारसँग सहकार्य गरिने जनाइएको छ । यातायात व्यवसायी सँगको सहकार्यमा मकवानपुरको उपयुक्त स्थानमा सुविधा सम्पन्न ट्रक पार्क निर्माण कार्य अगाडि बताइएको छ । सवारी चालक अनुमतिपत्र प्रदान गर्ने व्यवस्थालाई थप सुदृढ गर्न र ट्रायल सेन्टरहरुलाई क्रमश: स्वचालित प्रणालीमा लैजान बजेट व्यवस्था गरिएको मन्त्री जम्मकट्टेलले बताए । यातायात कार्यालयमा रहेका अभिलेखहरुलाई डिजिटाइजेशन गरी व्यवस्थित गर्न आवश्यक पूर्वाधार निर्माण आगामी आर्थिक वर्षमा गरिने भएको छ ।

यातायात कार्यालयबाट प्रदान गर्ने सेवाहरु क्रमश: विद्युतीय प्रणालीबाट प्रवाह गर्न सफ्टवेयर निर्माणका लागि बजेट व्यवस्था गरिएको छ । सवारी भाडा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था मिलाइने उनले जनाए ।

विद्युतीय सवारी साधनको प्रयोगलाई बढाउन प्रदेशका मुख्य शहरहरुमा र राजमार्गहरुमा चार्जिङ स्टेशनलगायतका आवश्यक पूर्वाधारहरु निर्माण गर्न संघीय सरकार र नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिने उल्लेख गरिएको छ ।

यसैगरी सरकारले आगामी आवमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने योजना अघि सारेको छ । श्रमिकहरुको व्यावसाय जन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमनकारी भूमिका बढाइने मन्त्री जम्मकट्टेलले बताए ।

श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र सम्बर्द्धनको लागि श्रमिक हेल्प डेक्स सञ्चालनमा ल्याइने उनले बताए । श्रमको उच्च सम्मान गर्ने संस्कृतिको विकास गरिने बताइएको छ । प्रदेशमा भएका विद्यमान सीपयुक्त जनशक्तिको अवस्था र आवश्यकताको अन्तर पहिचान गर्न सीप सर्भेक्षण गरिने बजेटमा जनाइएको छ ।

संघीय सरकारसँगको सहकार्यमा प्रदेश सरकारअन्तर्गत् कार्यरत् अस्थायी ज्यालादारी र करारमा कार्यरत् कर्मचारीलाई समेत सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने जनाइएको छ । स्थानीय तहसँगको सहकार्यमा श्रमिकहरुको पञ्जीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक रकम विनियोजन गरिएको छ ।


बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"

फोन नं.: ०५७-५२६१४६,

ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)


## जनकल्याण माविले जित्यो राष्ट्रपति रनिङ शिल्ड

हेटौंडा, ६ असार/ उत्तरी मकवानपुरको थाहा नगरपालिकामा भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि आयोजक विद्यालय जनकल्याण माध्यमिक विद्यालयले हात पारेको छ ।

जनकल्याण माविले १२ स्वर्ण, १० रजत र पाँच कास्यसहित प्रतियोगिताको उपाधि हात पारेको हो । प्रतियोगिताअन्तर्गत् मेयर भलिबल प्रतियोगिताको पुरुषतर्फको उपाधि सुन्दरीदेवी माविले जित्यो । सोमबार भएको फाइनल खेलमा आयोजक विद्यालय जनकल्याण माविलाई ३-१ सेटले पराजित गर्दै सुन्दरीदेवीले उपाधि जितेको हो । महिला तर्फको भलिबल प्रतियोगिता पनि आयोजक विद्यालय जनकल्याण माविले नै जितेको छ ।

यस्तै, झम्केश्वरी माविले चार स्वर्ण र तीन कास्य जित्दै द्वितीय भएको छ भने बज्रबराही मावि तीन स्र्वण, चार रजत र दुई कास्यसहित तृतीय भएको छ । प्रतियोगितामा १५ विद्यालयले सहभागिता जनाएका थिए । असार ३ गतेबाट सुरु भएको प्रतियोगिता भलिबल खेलसँगै सकिएको छ ।

## चन्द्रागिरी-९ मा एकजनाको शव भेटियो



काठमाडौं/ चन्द्रागिरी नगरपालिका-९, मच्छेगाउँमा एकजनाको शव भेटिएको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी दिनेशराज मैनालीका अनुसार सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-२ स्थायी घर भएका रामकाजी थापा मृत अवस्थामा भेटिएका हुन् । प्रारम्भिक जाँचबुझमा उनी घरको चार तला माथिबाट खसेको हुनसक्ने देखिएको मैनालीले बताए ।

'यद्यपि, विस्तृत अनुसन्धान भइरहेको छ' उनले भने । मैनालीका अनुसार उक्त घरमा डेरामा बस्दै आएका थिए । थामीको शवलाई पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज पठाइएको मैनालीले बताए ।

## प्रहरी नायव निरीक्षक कार्की बागमती प्रदेशको उत्कृष्ट प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ प्रहरी नायव निरीक्षक दीपा कार्की जेठ महिनाको बागमती प्रदेशको उत्कृष्ट प्रहरी घोषित भएकी छन् ।

नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय, नक्साल दरबन्दी भई जिल्ला प्रहरी कार्यालय चितवन महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत् प्रहरी नायव निरीक्षक कार्की जेठ महिनाको बागमती प्रदेशको उत्कृष्ट प्रहरी घोषित भएकी हुन् ।

कार्कीले आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारीपूर्वक ढंगबाट सम्पादन गरेको भन्दै बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले प्रदेशको जेठ महिनाको उत्कृष्ट प्रहरी घोषणा गरेको हो ।

उनले बैशाख १९ गते चितवन भरतपुर महानगरपालिका-११ बस्ने आफ्नै १२ वर्षकी नाबालिका छोरीलाई जबरजस्तीकरणी गरेको कसुरमा वर्ष ४० वर्षीय आरोपितलाई र जेठ १९ गते ९ वर्षकी नाबालिकालाई ललाई-फकाई जवरजस्तीकरणी गर्ने ५८ वर्षीय आरोपितलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

यस्तै लैङ्गिक तथा घरेलु हिंसासम्बन्धी विवादास्पद ५० वटा उजुरीहरुमा मिलापत्र गराउनुका साथै महिला तथा बालबालिकासँग सम्बन्धित जघन्य प्रकृतिका ६ वटा मुद्दामा सफल अनुसन्धान गर्न प्रभावकारी भूमिका निर्वाह गरेको, विभिन्न मितिमा हराई बेपत्ता रहेका मानिसहरुको खोजतलास गरी जेठ ३० गते सम्म २७ जनालाई सकुशल फेला पारी आफन्तको जिम्मा लगाउन सफल भएको उल्लेख छ ।



**पुल चाहियो:** भीमफेदी गाउँपालिकास्थित बाघझोरामा बाढी आउँदा हेटौंडा-काठमाडौं आवतजावतका लागि हिँडेका सवारीसाधन रोकिएको छ । हरेक वर्षको वर्षात्मा बाघझोरामा बाढी आउँदा घण्टौंसम्म सवारीसाधन रोकिनु परेको छ । तर, गाउँपालिका र प्रदेश सरकारले बाघझोरामा पुल निर्माणका लागि पहल थालेको छैन् । प्रदेश र संघीय राजधानी जोड्ने महत्वपूर्ण यो सडक खण्डअन्तर्गत् बाघझोरामा पक्की पुल आवश्यकता भएपनि सरकारको ध्यान जान नसकेको भन्दै यात्रुहरु आक्रोशित भएका छन् । सोमबार दिउसो वर्षासँगै आएको बाघझोरामा आएको बाढीले घण्टौंसम्म मोटरसाइकल, माइक्रो, बस, ट्रक रोकिएका थिए । बाघझोरा ठाडो खोला भएकोले सानो बाढी आएपनि सवारीसाधनका लागि खतरापूर्ण छ । *- तस्वीर: साझाकुरा*

# मकवानपुरगढीका २५ जना किसानलाई क्रेडिट कार्ड

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ कृषि विकास बैंक लिमिटेड, हेटौंडाले मकवानपुरगढी गाउँपालिकाका २५ जना किसानलाई किसान क्रेडिट कार्ड वितरण गरेको छ ।

गाउँपालिकामा आयोजित बाख्रा व्यवसाय विकाससम्बन्धी सरोकारवालाबीच भएको अन्तर्क्रिया कार्यक्रममा बैंकले किसानहरुलाई क्रेडिट कार्ड वितरण गरेको हो ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष भागवत घिमिरेले किसान क्रेडिट कार्ड वितरण गरेका हुन् । बैंकले वितरण गरेको क्रेडिट कार्ड र यसअघि गाउँपालिका कार्यालयले किसानहरुलाई दिएको किसान क्रेडिट कार्ड भने फरक हो ।

यसअघि गाउँपालिकाले बंगलादेश बैंकसँगको सहकार्यमा किसानहरुलाई कृषि तथा पशुपालनका लागि २ लाखसम्म ऋण प्रवाह गर्ने गरी क्रेडिट कार्ड दिएको थियो । गाउँपालिकाले दिएको कार्ड र कृषि विकास बैंकले वितरण गरेको कार्ड फरक रहेको गाउँपालिकाका कृषि विकास अधिकृत चन्द्रकान्त चौधरीले जानकारी दिए ।

अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण सहयोगमा कृषि विकास बैंकद्वारा दूध, मासु र तरकारीमा मूल्य श्रृंखला विकासको अवधारणा अनुरुप विभिन्न क्रियाकलापहरु डिजिटल प्रविधिमार्फत् संचालन गर्न किसान क्रेडिट कार्ड वितरण गरिएको चौधरीले बताए ।

गाउँपालिकामा दूध उत्पादन गर्ने, बाख्रा पालन, तरकारी र कुखुरापालन गर्ने २ सय ५० जना किसानलाई कार्ड वितरण गर्ने लक्ष्य बैंकले लिएको छ । बैंकले यस कार्यक्रमअन्तर्गत् क्रेडिट कार्डमार्फत् सहुलियत दरमा किसानलाई कृषि कर्जा प्रवाह गर्नुका सानै मूल्य श्रृंखला



विकास, किसानहरुलाई व्यावसायिक शिक्षा तथा तालिम, किसान सूचना केन्द्र स्थापना, एम्पोस मेशिन वितरण गर्ने जनाइएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष घिमिरेले कृषि तथा पशुपालनबाट आयआर्जनमा वृद्धि गरी किसानहरुको जिवनस्तर परिवर्तन गर्न सकिने बताए । कृषि तथा पशुपालनमा किसानहरुलाई जोड्न गाउँपालिका र बैंकहरुले क्रेडिट कार्डमार्फत् ठूलो सहयोग पुर्‍याएको उनको भनाइ छ ।

यसअघि गाउँपालिकाले पनि गाउँका मझौला प्रकारका किसानहरुलाई उकास्न भन्दै ५१ जनालाई कृषि ऋण बाँडेको हो । जिल्लामै पहिलोपटक किसान कार्ड वितरण गरेको मकवानपुरगढी गाउँपालिकाले ५१ जना किसानलाई २ लाख रुपैयाँका दरले १ करोड २ लाख ऋण प्रवाह गरेको कृषि शाखाले जानकारी दिएको छ ।

गाउँपालिकाले नेपाल बंगलादेश बैंक र आर एण्ड डी इनोभेटिभ सोलुसन प्रालिसँगको सहकार्यमा ऋण प्रवाह गरिरहेको हो । उक्त ऋण किसानले मासिक करिब ३ हजार किस्ता बुझाउँदै ५ वर्षभित्र चुक्ता गरिसक्नु पर्नेछ ।


**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


## जैविक मलका फाइदाहरू


रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**

पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



**ऋणी शेयर सदस्य कर्जाग्राहीहरूलाई अत्यन्त जरूरी सूचना**

प्रस्तुत विषयमा यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लि. हेटौडाबाट कर्जाग्राहीहरुले कर्जा लिई कारोबार गरी आईरहेकोमा उक्त कर्जाको यस संस्थालाई समय समयमा बुझाउनु पर्ने किस्ता र व्याज नबुझाई भाखा नाघेको हुनाले भुक्तानी गर्न आउन पटकपटक तपाईहरुलाई लिखित तथा मौखिक रुपमा तरताकेता गर्दासमेत आफूले लिएको कर्जा तिर्न बुझाउन अटेर गरी बसिरहनु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्राप्त भएको मितिले १५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सावां र व्याज संस्थामा आई चुक्ता गरी हिसाब फरकफरक गर्नुहुन सुचित गरिन्छ । साथै उक्त अवधिभित्र लिएको कर्जा फरकफरक गर्न नआएमा सहकारी नियमानुसार र प्रचलित नेपाल कानुनबमोजिम ऋणी शेयर सदस्य तथा निजको जमानी बस्ने शेयर सदस्यको नामसहित तीनपुस्तेको नाम दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-१, चौकीटोल, फोन नं. ०५७-५२६८४९



**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना